# संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसीसी)
# १४ असोज २०७९, काठमाण्डौ

## प्रेस विज्ञप्ती

श्रमजीवि वर्गको समृद्धिका लागि साझा ढंगले क्रियाशील रहेका नेपालका मान्यता प्राप्त ट्रेड युनियन महासंघहरुको साझा संस्था **संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसीसी)** ले विगत लामो समयदेखि श्रमिकहरुको हक अधिकारको लागि संयुक्त रुपमा आवाज उठाउदै आइरहेको कुरा यहाँलाई विदितै छ । यसै सन्दर्भमा, आगामी २०७९ मंशिर ४ गते संघीय शासन प्रणाली अन्तरगत संबिधान जारी भएपछि दोश्रो पटक हुन गैरहेको संघ र प्रदेशको आम निर्वाचनमा राजनीतिक दलहरुले जारी गर्ने चुनावी घोषणा पत्रमा श्रमिकका एजेण्डालाई समावेश गराउन तथा राजनीतिक दलका उम्मेदवारहरुलाई पनि श्रमिकका एजेण्डाहरु बारे शुसूचित गराई प्रतिवद्धता ब्यक्त गर्न गराउनका लागि जेटियुसीसी आवद्ध सबै ट्रेड युनियन महासंघहरुबाट पहल र प्रयन्त गर्नका लागि जेटियुसीसीबाट निम्न बिषयलाई श्रमिक एजेण्डाको रुपमा अघाडी सार्न प्रस्तावहरु प्रेस विज्ञप्ती मार्फत सार्वजनिक गरेका छौं ।

**आगामी निर्वाचनमा श्रमिकका एजेण्डाहरुः**

- संबैधानिक अंगको रुपमा राष्ट्रिय श्रम आयोगको यथाशिघ्र गठन गरिनुपर्ने ।
- संघ तथा प्रदेशको संसदमा श्रम सम्वन्धि नीतिगत बहसको लागि आर्थिक तथा सामाजिक परिषद (इकोसक) को ब्यवस्था गरिनुपर्ने ।
- नेपालको संबिधान अन्तरगत संघ र प्रदेश सभाको निर्वाचनमा श्रमिक वर्गको १० प्रतिशत प्रतिनिधित्व सुनिश्चितता गरिनुपर्ने साथै श्रमिक वर्गीय सहभागिताका लागि श्रमिक कलस्टरको छुट्टै ब्यवस्था गरिनुपर्ने ।
- स्वदेश तथा वैदेशिक रोजगारीमा रहेका श्रमिकहरुलाई कार्यस्थलबाटै मतदान गर्ने व्यवस्था गरिनुपर्ने ।

- अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई समेट्न योगदानमा आधारित सामाजिक सुरक्षा योजनाको दायरा बिस्तार गरी कोषमा सरकारको योगदानको व्यवस्था गरिनुपर्ने ।
- ट्रेड युनियन संचालन व्यवस्थित गर्ने गरी ट्रेड युनियन ऐन संसोधन तथा श्रम कानूनमा सुधार गरिनुपर्ने ।
- श्रम कानूनमा व्यवस्था भए अनुसार श्रम निरीक्षण प्रणालीलाई प्रभावकारी कार्यान्वयन गरिनुपर्ने ।
- कोभिड महामारी, जलवायु परिवर्तन, कामको बदलींदो परिवेशको असरलाइ न्यूनीकरण गर्दै रोजगारी गुमाएका श्रमिकहरुलाई रोजगारीको व्यवस्था गरिनुपर्ने ।
- श्रमिकहरुलाई स्वदेशमा नै रोजगारीमा लगाउन शीपमूलक तालिम प्रदान गरी उद्यम व्यवसाय संचालन गर्न सहुलियतपूर्ण बिउपूंजिको व्यवस्था गरिनुपर्ने ।
- नीति निर्माणको सबै तहमा श्रमिक वर्गको ५० प्रतिशत प्रतिनिधित्व सुनिश्चतता गरिनुपर्ने ।
- सबै स्थानीय तहमा अनौपचारिक, स्वरोजगार र बैदेशिक रोजगारमा रहेका श्रमिकहरुको पंजिकरणको व्यवस्था गरिनुपर्ने ।
- सबै कार्यस्थलमा श्रमिकहरुको मर्यादित कामको सुनिश्चितता गरिनुपर्ने र व्यवसायजन्य सुरक्षा मापदण्ड लागु गरिनुपर्ने ।
- पलिका स्तरमा रहेको स्वरोजगार केन्द्रलाई श्रम तथा रोजगार सम्वन्धि सबै बिषय हेर्ने गरी स्तरोन्नती गरिनुपर्ने ।
- श्रम क्षेत्रको योजनाको साथै राष्ट्रिय योजना तर्जुमा गर्न राष्ट्रिय योजना आयोगमा श्रमिक वर्गको प्रतिनिधित्व गरिनुपर्ने ।
- रोजगारदाताको प्रतिनिधित्व हुने राज्यका तथा ब्यवस्थापकिय संरचनाहरुमा श्रमिकहरुको अनिवार्य प्रतिनिधित्वको ब्यवस्था गरिनुपर्ने ।

- श्रम ऐन तथा कानूनहरु पूर्ण कार्यान्वयनका लागि श्रम प्रशासनको जिल्ला स्तरमा संरचना बिस्तार तथा क्षमता बिकास गरिनुपर्ने ।
- गरिव, बेरोजगार र श्रमिक वर्गका लागि ७५३ बटै गाउँपालिका/नगरपालिकामा सुपथ मुल्यका पसल खोली रासनकार्डको आधारमा सुपथ मुल्यमा बिक्री बितरणको व्यवस्था गर्नुपर्ने ।

**प्रेमल कुमार खनाल**

**अध्यक्ष**